कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सुर्खेत

मिति २०८१।१२।०५

विषयः SEE परीक्षा २०८१ सञ्चालन सम्बन्धमा जारी अपिल।

२०८१ सालको नियमित तथा ग्रेडवृद्धि तर्फको SEE परीक्षा मिति २०८१ साल चैत्र ०७ देखि १९ गते सम्म (विहान ८.00 बजे देखि ११.00 बजे) सञ्चालन हुन गइरहेको छ । कर्णाली प्रदेश भित्र नियमित समूहमा साधारण तर्फ ३०४६२, प्राविधिक धार तर्फ १३४२ गरी जम्मा ३१८०४ र ग्रेडवृद्धि तर्फ ६१०७ गरी कुल जम्मा ३७९११ परीक्षार्थी मध्ये छात्र १८६७४ छात्रा १९२३७ गरी कुल जम्मा ३७९११ परीक्षार्थीहरु परीक्षामा सम्मिलित हुँदै छन् । परीक्षा सञ्चालनका लागि यस प्रदेश भित्रका १० वटै जिल्लामा १८० वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ।

परीक्षालाई मर्यादित, भयरहित, अनुशासित तथा शान्तिपूर्ण वातावरणमा संचालन गर्नका लागि सबै जिल्लाका जिल्ला परीक्षा समन्वय समिति बाट १८० वटै परीक्षा केन्द्रमा केन्द्राध्यक्षको नियुक्ति भइ जिल्लास्तरमा अभिमूखीकरण गरी परीक्षा सम्बन्धि सम्पूर्ण तयारी पूरा भै सकेको छ । परीक्षा सञ्चालनका लागि प्रदेश भरी केन्द्राध्यक्ष १८०, सहायक केन्द्राध्यक्ष २५२, निरीक्षक १८९५, परीक्षा सहायक ३८०, कार्यालय सहयोगी ७५८ सहित ६१६५ जना प्रशासनिक जनशक्ति परिचालन भएका छन् । जिल्लामा परीक्षा शान्तिपूर्ण, मर्यादित भयरहित, अनुशासित तथा स्वच्छ वातावरणमा सञ्चालन गर्नका लागि जिल्ला परीक्षा समन्वय समिति मार्फत सुरक्षा व्यवस्था लगायत अन्य आवश्यक व्यवस्था मिलाइएको छ, साथै मोवाइलफोन, स्मार्ट वाच लगायतका प्रविधिहरुलाई परीक्षा हल भित्र लिन/लैजान निषेध भएकाले सम्पूर्ण केन्द्राध्यक्षज्यूहरुलाई सो अनुरुपको व्यवस्था गर्न गराउनका लागि अनुरोध छ ।

यस वर्ष SEE परीक्षामा सम्मिलित हुने सम्पूर्ण परीक्षार्थी भाइ, वहिनीहरुलाई विना कुनै डर, त्रास, उच्च आत्मबलका साथ परीक्षामा सहभागी हुन हार्दिक अनुरोधका साथै परीक्षाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं । परीक्षाको स्वच्छता, अनुशासन र मर्यादा कायम राख्दै सबै परीक्षार्थीहरुलाई शान्तिपूर्ण, भयरहित र मर्यादित वातावरणको सुनिश्चितता गर्नका लागि स्थानीय प्रशासन, स्थानीय तह, संचारकर्मी, शिक्षकका पेशागत संघ, संगठन, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी, नागरिक समाज लगाएत सम्पूर्ण सरोकारवालाहरुलाई प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति कर्णाली प्रदेश हार्दिक अपिल गर्दछौं, साथै यस समितिबाट परीक्षा अवधिभर निरन्तररुपले अनुगमन हुने कुरा समेत जानकारी गराउँदछौं ।

प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति

कर्णाली प्रदेश, सुर्खेत